सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३१६ ♦ २०८३ साल साउन २१ विहिवार ♦ 6 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# वर्षौंदेखि निष्क्रिय बडहरी रेडक्रस केन्द्र : करोडौंको संरचना अलपत्र, सेवा पुनः सञ्चालनको अपेक्षा





**खबर दर्पण समाचारदाता**
**साउन २० गते, बर्दिबास**

धनुषाको मिथिला नगरपालिका-९ बडहरीस्थित नेपाल रेडक्रस सोसाइटीको सामुदायिक विकास केन्द्र वर्षौंदेखि निष्क्रिय बन्दा करोडौं रुपैयाँको लगानीमा निर्माण गरिएका भवन, एम्बुलेन्स तथा स्वास्थ्य सेवासम्बन्धी उपकरण प्रयोगविहीन अवस्थामा पुगेका छन्।

कुनै समय विपद् व्यवस्थापन, राहत वितरण, रक्तसञ्चार, एम्बुलेन्स सेवा तथा स्वास्थ्यसम्बन्धी तालिम सञ्चालन हुने केन्द्र अहिले सुनसान बनेको छ भने स्थानीयवासीले यसलाई पुनः सञ्चालनमा ल्याउन माग गरेका छन्।

स्थानीयका अनुसार समुदायमा स्वास्थ्य तथा विपद् व्यवस्थापन सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको केन्द्र पछिल्ला केही वर्षयता प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। नियमित कार्यक्रम बन्द भएपछि केन्द्रका अधिकांश कोठामा ताल्चा लागेको छ भने परिसरमा राखिएका चार वटा एम्बुलेन्स र रक्तसञ्चारका लागि ल्याइएको विशेष बस लामो समयदेखि खुला आकाशमुनि थन्किँदा जीर्ण बन्दै गएका छन्।

स्थानीय धिरजकुमार महतोले रेडक्रसको नाम र भवन देखेर आकस्मिक अवस्थामा रगतको खोजीमा आउने सेवाग्राही निराश भएर फर्किनुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँका अनुसार केन्द्रमा नर्सरीबाहेक अन्य प्रभावकारी सेवा सञ्चालन नहुँदा भवन र पूर्वाधारको सदुपयोग हुन सकेको छैन।

"यहाँ रेडक्रसको बोर्ड देखेर मानिसहरू रगत पाइन्छ भन्ने अपेक्षाले आउँछन्। तर सेवा उपलब्ध नभएकाले उनीहरूलाई जनकपुरधाम वा बर्दिबास जान सल्लाह दिनुपर्ने अवस्था छ," उहाँले भन्नुभयो।

उहाँले केन्द्रको भवनलाई आँखा अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र वा अन्य सामुदायिक स्वास्थ्य सेवाका लागि उपयोग गर्न सके स्थानीयलाई प्रत्यक्ष लाभ पुग्ने धारणा व्यक्त गर्नुभयो।

लालगढ उपशाखाकी

*बाँकी पृष्ठ ३ मा*

# धनुषामा सम्बन्धविच्छेदका घटना बढे

**खबर दर्पण समाचारदाता**
**साउन २० गते, जनकपुरधाम**

धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ ।

जिल्ला अदालतको पछिल्लो तथ्याङ्कले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली, आर्थिक अवस्थाका कारण सम्बन्धविच्छेदको घटना बढेको देखाएको हो ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा मुद्दा दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ समेत अदालतमा सम्बन्धविच्छेदका ५०० मुद्दा अदालतमा थिए। त्यसमध्ये २८१ मुद्दामा फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन रहेको सूचना अधिकारी महतोले बताउनुभयो ।

अघिल्लो आव २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए । त्यस वर्ष ३४७ मुद्दामा फैसला भएको थियो । एक सय ६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए । सम्बन्धविच्छेदसम्बन्धी मुद्दा लगातार बढ्दो दर्ता सङ्ख्याले धनुषामा वैवाहिक सम्बन्धमा तनावको प्रवृत्ति बढ्दै गएको देखाएको छ ।

शिक्षामा चेतनासगै महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार, वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी बेग्लै रहनुपर्ने परिस्थिति, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका घटनाले वैवाहिक सम्बन्ध अन्त्यका घटना बढिरहेको कानुन व्यवसाय राजकुमार महासेठले बताउनुभयो ।

उहाँका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीबाट ल्याएको परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताको बढ्दो चेतनाले दाम्पत्य सम्बन्धलाई नयाँ चुनौती दिइरहेको छ ।

पछिल्लो समय महिला वा पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस गरेमा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उहाँको भनाइ छ । बढिरहेको सम्बन्धविच्छेदले समाजमा एकातिर व्यक्तिगत अधिकारप्रति देखिएको जागरूकता तथा अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको सङ्केत पनि गरेको छ ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माका अनुसार सम्बन्धविच्छेदसम्बन्धी मुद्दा बढेसँगै अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढ्दै गएको छ। समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके बढिरहेको सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिने छ ।-रासस



# कप्तानगन्ज घटनापछि सुनसरीमा ३ जनाको मृत्यु, ६९ सवारीसाधन र ११२ सर्वसाधारणको सम्पत्तिमा क्षति

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा भएको साम्प्रदायिक तनाव र हिंसात्मक घटनापछि जिल्लाभर ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी चन्द्र खड्काका अनुसार घटनामा हालसम्म ४० जना घाइते भएका छन् भने ३ जनाको मृत्यु भएको छ।

डीएसपी खड्काले दिएको क्षति विवरणअनुसार घाइतेमध्ये १२ जना उपचाररत छन् भने २५ जना उपचारपछि डिस्चार्ज भइसकेका छन्। घटनाका क्रममा ६९ वटा सवारीसाधनमा क्षति पुगेको प्रहरीले जनाएको छ। तीमध्ये २ पाङ्ग्रे ५२ वटा सवारीसाधनमा क्षति पुगेको छ, जसमा ४४ वटा पूर्ण रूपमा नष्ट भएका छन् भने ८ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। त्यस्तै ३ पाङ्ग्रे ८ वटा सवारी साधनमध्ये ५ वटा पूर्ण रूपमा र ३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। ४ पाङ्ग्रे ४ वटा सवारीसाधनमध्ये १ वटा पूर्ण रूपमा नष्ट भएको तथा ३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ।

त्यस्तै सर्वसाधारणका ११२ वटा सम्पत्तिमा क्षति पुगेको विवरण प्रहरीले सार्वजनिक गरेको छ। जसअनुसार २३ वटा पक्की घर मा क्षति पुगेको छ। तीमध्ये १३ वटा पूर्ण रूपमा, १० वटा आंशिकरूपमा क्षतिग्रस्त भएका छन् भने १ वटा सामान्य क्षति भएको डीएसपी खड्काले बताए। कच्ची घरतर्फ ३४ वटा घरमा क्षति पुगेको छ। तीमध्ये २५ वटा पूर्णरूपमा जलेर वा भत्किएर नष्ट भएका छन् भने ८ वटा आंशिकरूपमा र १ वटा सामान्यरूपमा क्षतिग्रस्त भएको उनले बताए। घटनामा ५० वटा घर तथा टहरामा पनि क्षति पुगेको प्रहरीले जनाएको छ। तीमध्ये ३७ वटा पूर्ण रूपमा नष्ट भएका छन् भने १३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्।

त्यस्तै २ वटा मन्दिरमा आंशिक क्षति पुगेको छ। ५ वटा अन्य संरचनामध्ये ३ वटा पूर्णरूपमा, १ वटा आंशिकरूपमा तथा १ वटा सामान्यरूपमा क्षतिग्रस्त भएको प्रहरीले बताएक छ। एक वटा इट्टाभट्टामा पनि सामान्य क्षति पुगेको प्रहरीले जनाएको छ। घटनापछि सुरक्षा निकायले प्रभावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाएको छ। क्षतिको यथार्थ विवरण संकलन, पीडितको राहत तथा पुनःस्थापनाको काम सम्बन्धित निकायहरूसँग समन्वय गरेर अघि बढाइएको उनले बताए।



देवानगन्ज-३ मा भएको हिंसात्मक घटनापछि घर, सवारी साधन तथा धार्मिक संरचनामा आगजनी, तोडफोड र लुटपाट भएको थियो। त्यसपछि जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा जारी गर्नुका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासमेत परिचालन गरिएको थियो। हालः अवस्था क्रमशः सामान्य बन्दै गए पनि घटनाको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।












## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# वर्षौंदेखि निष्क्रिय बडहरी ....

पूर्वउपसभापति गोमा लामाका अनुसार विगतमा केन्द्रमा विपद् व्यवस्थापन, प्राथमिक उपचार तालिम, राहत वितरण, स्वास्थ्य सचेतना कार्यक्रम तथा विभिन्न मानवीय गतिविधि नियमित सञ्चालन हुने गर्दथे। तर पछिल्ला वर्षहरूमा संस्थाभित्रको व्यवस्थापकीय कमजोरी र नेतृत्वको निष्क्रियताका कारण ती सबै गतिविधि क्रमशः बन्द हुँदै गएको उहाँको भनाइ छ।

केन्द्रको रेखदेखमा कार्यरत कर्मचारी जीवनदेवी कोइरालाले पनि निर्वाचनसम्बन्धी गतिविधिबाहेक अन्य समयमा केन्द्रबाट कुनै औपचारिक कार्यक्रम सञ्चालन नभएको स्वीकार गर्नुभयो। आवश्यक जनशक्ति, स्रोत र व्यवस्थापनको अभावले सेवा विस्तार हुन नसकेको उहाँको भनाइ छ।

यसबीच स्थानीयवासीले विपद्का बेला वितरणका लागि ल्याइएका राहत सामग्रीसमेत दुरुपयोग भएको आरोप लगाएका छन्। उनीहरूका अनुसार पीडितका लागि आएको चामल, दाल, तेल लगायतका सामग्री समयमै वितरण नगरी गोदाममै लामो समय राख्दा कुहिएको र पछि खाडल खनेर गाडिएको थियो। घटनाको निष्पक्ष छानबिन गरी वास्तविकता सार्वजनिक गर्न उनीहरूले माग गरेका छन्।

नेपाल रेडक्रस सोसाइटी धनुषा जिल्ला कार्यसमितिको कार्यसम्पादनमाथि प्रश्न उठेपछि केन्द्रीय कार्यालयले जिल्ला कार्यसमिति भंग गरी पंकज महतोको नेतृत्वमा तदर्थ समिति गठन गरेको छ। नयाँ नेतृत्वले पदभार ग्रहण गरेलगत्तै बडहरी स्थित सामुदायिक विकास केन्द्रको स्थलगत निरीक्षण गरेको थियो।

तदर्थ समितिका सभापति पंकज महतोले केन्द्रको वर्तमान अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै विगतमा भएका गतिविधि, सम्पत्ति व्यवस्थापन र राहत सामग्रीसम्बन्धी विषयको छानबिन गरिने बताउनुभयो।

"करोडौँ रुपैयाँको लगानीमा बनेका संरचना र महँगा एम्बुलेन्स यसरी अलपत्र अवस्थामा रहनु दुःखद विषय हो। रेडक्रस कुनै व्यक्ति वा समूहको सम्पत्ति होइन, यो समुदायको साझा संस्था हो," उहाँले भन्नुभयो।

उहाँले लामो समयदेखि थन्किएका एम्बुलेन्स तथा रक्तसञ्चार बसको प्राविधिक परीक्षण गरी मर्मतसम्भारपछि पुनः सञ्चालनमा ल्याइने जानकारी दिनुभयो। राहत सामग्री दुरुपयोगसम्बन्धी आरोपको समेत निष्पक्ष अनुसन्धान गरी दोषी देखिए कानुनबमोजिम कारबाही गरिने उहाँको भनाइ छ।

स्थानीयवासीका अनुसार मिथिला नगरपालिका तथा आसपासका क्षेत्रमा दुर्घटना, प्रसूति सेवा, प्राकृतिक विपद् तथा आकस्मिक स्वास्थ्य समस्याका बेला एम्बुलेन्स र रक्तसञ्चार सेवाको आवश्यकता बारम्बार पर्ने गरेको छ। तर सेवा सञ्चालनमा नआउँदा बिरामीलाई जनकपुरधाम, बर्दिबास वा अन्य स्थानमा पुग्नुपर्ने बाध्यता रहेको उनीहरूको गुनासो छ।

सामुदायिक विकास केन्द्र स्थापना गर्दा स्थानीयस्तरमै मानवीय सेवा, स्वास्थ्य सहायता, विपद् व्यवस्थापन र स्वयंसेवक परिचालनलाई प्रभावकारी बनाउने लक्ष्य राखिएको थियो। तर हाल केन्द्रको अधिकांश पूर्वाधार उपयोगविहीन बन्दा सरकारी तथा दातृ निकायको लगानीसमेत जोखिममा परेको देखिन्छ।

नयाँ नेतृत्वले सेवा पुनः सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेसँगै स्थानीयवासीले केन्द्रलाई पुनर्जीवन मिल्ने अपेक्षा गरेका छन्। उनीहरूका अनुसार केन्द्र पुनः सक्रिय हुन सके स्थानीय तहमा स्वास्थ्य सेवा, रक्तसञ्चार, विपद् व्यवस्थापन तथा मानवीय सहायता प्रवाहमा उल्लेखनीय सुधार आउनेछ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय

गौशाला, महोत्तरी

### विषयः ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना।

यसमा जिल्ला महोत्तरी साविक औरही गा.वि.स. वडा नं. २ हाल औरही न.पा. वडा नं. १ बस्ने देवनारायण यादवको नातिनी पञ्चु यादवको छोरी उमेश यादवको पत्नी ना.प्र.नं. ०३३३६६५३ जारी मिति २०६२/०९/२० को अनिता कुमारीले मेरो आमा ज.ध. सरस्वती देवीको मिति २०७६/१०/२८ गते मृत्यु भइसकेको निजको हकवाला पञ्चु यादवको मिति २०५४/०७/२१ गते मृत्यु भइसकेको हुँदा निज मृतक दम्पतीको सम्बन्ध नजिकको हकदार एक मात्र विवाहित छोरी अनिता कुमारीले तपसिलमा उल्लेखित जग्गा जग्गा मेरो नाउँमा एकलौटी नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. १६८ मिति २०८३/०४/१३ गतेको माग निवेदन परी निवेदकले पेश गरेको संलग्न कागजात औरही न.पा. १ नं. वडा कार्यालय औरहीको च.नं. २ मिति २०८३/०४/०४ को नामसारी सिफारिस, सोही वडाबाट सम्पन्न मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता, निवेदकको नागरिकता छायाँप्रति, सनाखत, ज.ध. पुर्जाको प्रतिलिपि, चालु आ.व.को तिरो रसिद, मोठ फारमबाट मोठ कायम छ रोक्का छैन कम्प्युटर प्रणालीमा इन्टी छ रोक्का छैन व्यहोरा उल्लेख भएको आधारमा मुलुकी देवानी संहिता, २०७४ को दफा २३९ को उपदफा (१) बमोजिम यस कार्यालयको मिति २०८३/०४/१९ गतेको आदेशानुसार निजको अपुताली हक खाने अनिता कुमारीको नाउँमा एकलौटी नामसारी हुने सम्बन्धमा ३५ दिने हकदाबी सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

तपसिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र प्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकको माग दाबी बमोजिम नामसारी गर्न तर्फ कानून बमोजिम कारबाही अगाडि बढाइनेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसील**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | औरही | २ | ५४२ | ०-०-१० | ज. ध. सरस्वती देवीको एक मात्र छोरी अनिता कुमारीको नाउँमा एकलौटी नामसारी हुने। |
| महोत्तरी | औरही | २ | ५४७ | ०-०-१.५ | |
| महोत्तरी | औरही | २ | ५४८ | ०-०-९ | |
| महोत्तरी | औरही | २ | ५५८ | ०-०-३.७५ | |













# मधुश्रावणी : प्रेम,परम्परा र संस्कृतिको अनुपम संगम

गोपाल झा

साउन २० गते, बर्दिवास



मिथिलाञ्चलमा नवविवाहित महिलाका लागि विशेष महत्व बोकेको मधुश्रावणी पर्व सोमबारदेखि विधिवत् रूपमा सुरु भएको छ। श्रद्धा, आस्था, प्रेम र सांस्कृतिक परम्पराको प्रतीक मानिने यो पर्व साउन कृष्ण पक्षको पञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म १३ दिनसम्म मनाइन्छ। विशेषगरी मैथिली समुदायका नवविवाहित महिलाले आफ्नो पहिलो वैवाहिक वर्षमा यो पर्व अनिवार्य रूपमा मनाउने परम्परा रहिआएको छ।

मधुश्रावणी पर्वलाई केवल धार्मिक अनुष्ठानका रूपमा मात्र नभई दाम्पत्य जीवनलाई सुदृढ बनाउने सांस्कृतिक अभ्यासका रूपमा पनि लिइन्छ। पर्वभरि नवविवाहित महिलाले व्रत बसेर भगवान् शिव, गौरी तथा विषहरा (नागदेवता) को पूजा-आराधना गर्नुका साथै मैथिली लोकपरम्पराअनुसार विभिन्न धार्मिक कथा सुन्ने र लोकगीत गाउने चलन छ।

## ससुरालीबाट आउने पूजासामग्री

मधुश्रावणी पर्वका लागि आवश्यक पर्ने पूजा सामग्री, नयाँ रातो-हरियो वस्त्र, सिन्दूर, फलफूल, चामल, दाल, माटोबाट बनाइएको नाग-नागिनीको प्रतिमा तथा अन्य सामग्री नवविवाहिताको ससुरालीबाट माइती पठाउने परम्परा छ। व्रत अवधिभर ती सामग्रीकै प्रयोगबाट पूजा गर्ने र भोजन गर्ने चलन रहिआएको छ।

## मिथिला संस्कृतिको गौरव

प्राचीनकालदेखि नै समृद्ध संस्कृति बोकेको मिथिला क्षेत्रमा यो पर्व विशेष महत्वका साथ मनाइन्छ। धार्मिक ग्रन्थ महाभारत र वाल्मीकि रामायण मा समेत मिथिलाको सांस्कृतिक महत्त्व उल्लेख गरिएको पाइन्छ। त्यसैले जनकभूमिसँग जोडिएको यस क्षेत्रमा मधुश्रावणी पर्वलाई धार्मिक, सांस्कृतिक र सामाजिक पहिचानको अभिन्न अङ्गका रूपमा हेरिन्छ।

मैथिली समाजमा विवाह जीवनको सबैभन्दा महत्वपूर्ण संस्कार मानिन्छ। विवाहपछि पहिलो वर्ष मनाइने मधुश्रावणी पर्वलाई नवविवाहित महिलाको धैर्य, जिम्मेवारी र दाम्पत्य जीवनप्रतिको समर्पणको प्रतीक मानिन्छ। यसले पति-पत्नीबीचको विश्वास, प्रेम र आत्मीय सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास छ।

## लोकगीत, फूल संकलन र सामूहिक पूजा

पर्वका १३ दिनसम्म नवविवाहित महिलाहरू समूह बनाएर गाउँ-टोल, मठ-मन्दिर तथा बगैँचामा गई पूजाका लागि आवश्यक फूल र पात संकलन गर्छन्। प्रत्येक साँझ लोकगीत गाउँदै फूल टिप्ने र भोलिपल्ट त्यही फूलबाट विषहरा देवताको पूजा गर्ने परम्परा रहेको छ।

पूजाका क्रममा महिलाहरूले पूर्ण दुलहीको श्रृंगार धारण गर्छन्। विहान गोसाइँ गीत, पावैन गीत तथा साँझ कोहबर र सन्धौती गीत गाउँदै धार्मिक वातावरण सिर्जना गरिन्छ। यस अवधिभर पूजा स्थलमा अखण्ड दीप प्रज्वलित राख्ने चलन पनि रहेको छ।

## पण्डिताइनबाट सुनाइने कथा

मधुश्रावणी पर्वको अर्को विशेषता महिला पुजारी (पण्डिताइन) द्वारा कथा वाचन गर्नु हो। व्रती महिलालाई विषहरा, बिहुला-मनसा, मङ्गला गौरी, पृथ्वी जन्म, समुद्र मन्थन, सतीलगायतका धार्मिक कथाहरू सुनाइन्छन्। यसलाई धार्मिक शिक्षासँगै दाम्पत्य जीवनका आदर्श र नैतिक मूल्य सिकाउने माध्यमका रूपमा पनि लिइन्छ।

## टेमी दाग्ने परम्परा

मधुश्रावणी पर्वको अन्तिम दिन सबैभन्दा चर्चित परम्परा 'टेमी दाग्ने' हो। बलिरहेको दीपको बातीबाट बेहुलीको घुँडामाथि पानको पात राखेर हल्का डाम्ने चलनलाई स्थानीय भाषामा 'दगनिया पावैन' भनिन्छ। यसलाई नवविवाहित महिलाको धैर्य, सहनशीलता र दाम्पत्य जीवनप्रतिको समर्पणको प्रतीकका रूपमा लिने गरिन्छ। लोकविश्वासअनुसार डामिएको स्थानमा फोका उठे पति-पत्नीबीचको प्रेम अझ प्रगाढ हुने मान्यता छ। यद्यपि पछिल्लो समय यस परम्परालाई लिएर महिला अधिकारका दृष्टिकोणबाट विभिन्न बहस हुँदै आएका छन्। कतिपयले यसलाई महिलामाथिको शारीरिक पीडासँग जोडेर आलोचना गर्ने गरेका छन् भने परम्पराका पक्षधरहरूले यसलाई हिंसा नभई सांस्कृतिक संस्कारको एक अंश भएको तर्क गर्छन्।

## संरक्षणको आवश्यकता

मैथिली साहित्यकार तथा संस्कृतिविद्हरूका अनुसार मधुश्रावणी केवल पति-पत्नीबीचको प्रेमको पर्व मात्र होइन, प्रकृति, समाज र परम्पराबीचको सहअस्तित्वको प्रतीक पनि हो। आधुनिक परिवेशमा परम्परालाई समयानुकूल परिमार्जन गर्दै यसको मौलिकता जोगाउनु आवश्यक रहेको उनीहरूको धारणा छ।

उनीहरूका अनुसार मधुश्रावणी पर्व मिथिला सभ्यता, लोकसंस्कृति र सामाजिक मूल्यको जीवन्त अभिव्यक्ति भएकाले यसको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई सही रूपमा बुझ्दै भावी पुस्तासम्म संरक्षण गर्नु आजको आवश्यकता हो।

"जिवनको दिगो सुरुवातका लागि स्तनपान: प्रभावकारी कार्यहरुको सुदृढीकरण।"

विश्व स्तनपान सप्ताह, १-७ अगस्ट २०२६

१६ देखि २२ श्रावण, २०८३

शिशु जन्मिए पछि जतिसक्दो चाँडो (१ घण्टा भित्र) आमाको दुध (बिगौती दुध) खुवाऔं ।

शिशुलाई जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुध मात्र खुवाऔं।

बालबालिकालाई ६ महिना पुरा भएपछि पुरक खानाका साथसाथै कम्तिमा २ वर्ष उमेरसम्म निरन्तर स्तनपान गराऔं ।



आमाको दुध शिशुको लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ ।

स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघर क्यान्सर हुने जोखिमलाई कम गर्दछ ।

चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं । दुधदानीको प्रयोग नगरौं ।

World Breastfeeding Week 2026
Breastfeeding for a Sustainable Start in Life: Strengthen What Works

स्तनपान सम्बन्धि उचित परामर्श तथा थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोला ।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,